आज मिति २०७५/०७/१२ गते सोमबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको ४१ औ बैठक बसी निम्न बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्तावहरुमाथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जीत ब. राई | गा.पा. अध्यक्ष | |
| २ | सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष | |
| ३ | याम कुमार कार्की | १ नं. वडाध्यक्ष | |
| ४ | डम्बर ब. सुवेदी | २ नं. वडाध्यक्ष | |
| ५ | याम प्र. लामा | ३ नं. वडाध्यक्ष | |
| ६ | गणेश कुमार राई | ४ नं. वडाध्यक्ष | |
| ७ | दाताराम संजेल | ५ नं. वडाध्यक्ष | |
| ८ | भवानी प्र. लिङ्दम(लिम्बू) | ६ नं. वडाध्यक्ष | |
| ९ | कविता राई | गा.पा. सदस्य | |
| १० | मिरादेवि खवास | गा.पा. सदस्य | |
| ११ | सोम कुमारी साउदेन | गा.पा. सदस्य | |
| १२ | मन कुमारी लिम्बू | गा.पा. सदस्य | |
| १३ | वीर ब. देवान | गा.पा. सदस्य(मनोनित) | |
| १४ | याम ब. विश्वकर्मा | गा.पा. सदस्य(मनोनित) | |
| १५ | **चन्द्र प्रकाश बस्नेत** | **सचिव** | |
| **अन्य उपस्थिति** | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |

Scanned by CamScanner

नर्णयहरु

१. स्थानीय विकास कोष संचालन तथा व्यवस्थापन कार्यविधि सम्वन्धमा ।
सामाजिमक परिचालनको माध्यमबाट स्थानीय जनताको सामाजिक, आर्थिक, सांस्कृतिक र संस्थागत क्षमताको विकास गर्दै समग्रमा स्थानीय जनताको जीवनस्तर उकास्न र गरिवी न्यूनिकरणमा टेवा पुर्‍याउने उद्येश्यले सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न साविक जिल्ला विकास समितिको स्थानीय विकास कोष विनिमावलीमा आधारीत भई माईजोगमाई गाउँपालिकाको स्थानीय विकास कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ स्विकृत गरी लागू गर्ने निर्णय गरियो । साथै उक्त कोष सञ्चालन गर्न स्थानीय विकास कोष नामको विशेष खाता खोली गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत चन्द्रप्रकाश बस्नेत र लेखा प्रमुख प्रदिप नेपालको संयुक्त दस्तखतमा खाता सञ्चालन गर्ने निर्णय गरियो ।

२. बाटो मर्मत सम्भार सम्वन्धमा ।
माईजोगमाई गाउँपालिका क्षेत्रभित्रका तपशिलका सडकखण्डहरु वर्षा यामको कारणले गर्दा खाल्डा खुल्डी भई सवारी साधन आवत जावत गर्न कठिन भई मानविय दैनिक जनजीवन कष्टकर भएको हुँदा तत्काल मर्मत सम्भारको लागि ब.शि.न.२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत खर्च शिर्षकवाट तपशिल बमोजिमको रकम खर्च गर्ने निर्णय गरियो ।

| सि. नं. | सडक खण्डको नाम, ठेगाना | मर्मत खर्च रु. | जिम्मेवार व्यक्ति | खर्च विधि | कै. |
|---|---|---|---|---|---|
| १ | छिपछिपे देखि थुम्के सम म सडक पुरपार तथा मर्मत, वडा नं. १ र ६ | ५०,०००। (पचासहजार) | याम ब. रसाईली, कार्यपालिका सदस्य | अमानत | |
| २ | ह्नटे सहकारी भवन हुँदै चिया निगम सडक खण्ड पुरपार तथा मर्मत वडा नं. १ | ५०,०००। (पचासहजार) | याम कुमार कार्की वडाध्यक्ष, वडा नं. १ | अमानत | |
| ३ | नयाँ वजार देखि भोटेटार सडक खण्ड पुरपार तथा मर्मत, वडा नं. १ | ५०,०००। (पचासहजार) | दाताराम सञ्जेल, वडाध्यक्ष, वडा नं. ५ | अमानत | |

३. गाउँघर क्लिनिक निर्माण सम्वन्धमा ।
माईजोगमाई गाउँपालिकाको आ.व. २०७५।७६ को स्विकृत बजेटको शसर्त अनुदान तर्फको बाह्य खोपकेन्द्रको भवन निर्माण शिर्षक अन्तर्गत वडा नं. ४ र वडा नं. ५ मा १।१ वटा खोपकेन्द्रको भवन निर्माण गर्ने निर्णय गरियो ।

४. योजना कार्यान्वयन सम्वन्धमा ।
माईजोगमाई गाउँपालिकाको आ.व. २०७५।७६ को स्विकृत कार्यक्रम अन्तर्गतका वडा तर्फको योजनाहरु स्टिमेट गर्ने सम्वन्धमा शुरुमा वडा नं. ६ का योजनाहरुको लागत स्टिमेट सम्पन्न गर्ने कार्य गर्दै क्रमश वडा नं. ५,४,३,२,१ को योजनाहरुको लागत स्टिमेट यथा सक्य चाडो गरी योजना कार्यान्वयन शुरु गराउन प्राविधिक शाखा र योजना शाखा लाई निर्देशन दिने निर्णय गरियो ।

Scanned by CamScanner